प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

फो.नं. : ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

## बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०४/३१)**

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम** रहेको हुँदा प्रदेश नं. १ का ईच्छुक बेरोजगार कृषि प्राविधिकले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११)** अनुसार तोकिए वमोजिमका शर्तहरु पालना गरि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु दर्ता हुने छैन। थप जानकारीका लागि यस निर्देशनालयको फो.नं. ०२१-५११३५८/५१६५६८ मा सम्पर्क राख्नहुन वा वेभसाईट **doad.p1.gov.np** बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११) डाउनलोड गर्न सकिने छ।

**आवेदन दर्ता तथा संलग्न गर्नुपर्ने कागजातहको लागि सम्पर्क गर्न सकिने कार्यालयहरु :**

१. कृषि विकास निर्देशनालय, प्रदेश नं १, विराटनगर
२. कृषि ज्ञान केन्द्रहरुः झापा, सुनसरी, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर, खोटाङ, इलाम, सोलुखुम्बु, भोजपुर र ओखलढुंगा ।(सम्पर्क केन्द्रहरुः ताप्लेजुङ्ग, मोरङ्ग र तेह्रथुम)

**कार्यक्रम विवरणः**

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम | १५ | ७५% प्रतिशत वा बढिमा रु ५ लाख सम्म अनुदान | कृषि विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कृषि विषय अध्ययन गरि बेरोजगार बसेका युवाहरु। |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१.नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२.अनुसुचि १ अनुसार आफुले गर्न चाहेको व्यवसायमा आधारित प्रस्तावना।
३.तालिम लिएको वा सो सम्वन्धी अध्ययन गरेको प्रमाणपत्रको प्रतिलिपि।
४.कानुन वमोजिम सरकारी निकायमा दर्ता/नविकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नम्वर, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि।
५.जग्गा धनिपुर्जा वा जग्गा भाडामा भए करारनामा पत्र।
६.अन्य कुनै पेशामा संलग्न नभएको स्व-घोषणापत्र ।
७.स्थानीय तहको सिफारीस पत्र।
८.कृषि ज्ञान केन्द्रको सिफारीस पत्र।
९.आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।
१०.कार्यक्रमको प्रकृति अनुसार स्वीकृत गराइएको स्पेसिफिकेसन, लागत स्टिमेट तथा नक्साङ्कन।
११. निवेदन दस्तुर प्रति निवेदन रु २०० कृषि विकास निर्देशनालय, राजस्व शीर्षकः १४२२९, कार्यालय कोडः ३१२०११३०११, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर

**निमित्त प्रमुख**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

रु १०
को टिकट

## आवेदन फाराम

मितिः

श्री प्रमुख ज्यू
कृषि विकास निर्देशनालय,
.................... ।

विषयः व्यवसायिक कृषि कार्यक्रम संचालनका लागि अनुदान सहयोग उपलब्ध गराई दिने बारे।

महोदय,

म, कृषि विषय अध्ययन गरेर हाल कुनै पनि क्षेत्रमा रोजगार नरहेको र यस अनुदान सहयोग प्राप्त गरी ...................................... कृषि व्यवसाय स्थापना गर्न तीब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार व्यवसायिक कृषि फर्म निर्माण गर्नेछु ।तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२. अनुसुचि १ अनुसार आफुले गर्न चाहेको व्यवसायमा आधारित प्रस्तावना।
३. तालिम लिएको वा सो सम्वन्धी अध्ययन गरेको प्रमाणपत्रको प्रतिलिपि।
४. कानुन वमोजिम सरकारी निकायमा दर्ता/नविकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नम्वर, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि।
५. जग्गा धनिपुर्जा वा जग्गा भाडामा भए करारनामा पत्र।
६. अन्य कुनै पेशामा संलग्न नभएको स्व-घोषणापत्र ।
७. स्थानीय तहको सिफारीस पत्र।
८. कृषि ज्ञान केन्द्रको सिफारीस पत्र।
९. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।
१०. कार्यक्रमको प्रकृति अनुसार स्वीकृत गराइएको स्पेसिफिकेसन, लागत स्टिमेट तथा नक्साङ्कन।

निवेदक

दस्तखतः
नाम थरः
पदः
ठेगानाः
संस्था/फर्म/कम्पनीः
संस्थाको छापः
हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखतः

अनुसूची नं.-१

## व्यवसायिक कृषि कार्यक्रम संचालनका लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना

### परियोजना प्रस्ताव

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरणः**

| | |
|---|---|
| आवेदक नाम, ठेगाना | |
| संस्था संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम | |
| मोवाईल नं. र ई मेल | |
| फार्म स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च(यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल अनुदान रकम (रु) | |
| अन्य श्रोत वा वित्तिय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

**२) प्रस्तावनाको औचित्य तथा महत्वः** आफ्नो कृषि क्षेत्रमा कार्य अनुभव उल्लेख गर्दै प्रस्तावित फार्म किन र कसरी स्थापना गर्न लाग्नु भएको छ ? आफ्नो वित्तिय अवस्था समेत झल्कने गरी करीव ३०० शब्दमा नवढाई लेख्नुहोस।

**३. लागत साझेदारीः**

तालिकाः लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरणः

| क्र. स. | विवरण | जम्मा खर्च रु. | प्रदेश सरकारसँग माग गरेको अनुदान रु. | अनुदानग्राही ले बेहोर्ने रकम रु. | स्थानीय तहको सहयोग वा वित्तिय संस्थाहरुवाट उपलब्ध हुने सहुलियत कर्जा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | कुल जम्मा | | | | |
| | आवश्यकता अनुसार महलहरु थप गर्न सकिनेछ। | | | | |

४. प्रस्तावित कृषि फार्म स्थापना पश्चात उत्पादित वस्तुको बजारीकरण योजना तथा सहजता र भविस्यमा निरन्तर रुपमा संचालन गर्ने योजना तथा फार्मको दिगोपना वारे बढीमा २०० शब्दमा उल्लेख गर्नुहोस ।

५. प्रस्तावित कृषि फार्म स्थापनाले आसपासमा रहेका कृषकहरुमा पार्ने प्रर्दशन प्रभाव **(Demonstration effect)** तथा समुदायमा प्रविधि प्रचार प्रसार योजना वारे उल्लेख गर्नुहोस ।

**नोटः** माथि १ देखि ५ नम्बर सम्मको विवरण भर्ने क्रममा प्रस्तावमा उल्लेख गरिएका कुराहरुलाई पुष्टि गर्ने कागजातहरु भए स्वयं प्रमाणित प्रतिलपीहरु समावेश गर्न सकिनेछ । झुटा कागजातहरु पेश गरेमा छनौट प्रक्रियामा समावेश गरिने छैन ।